**बजेट, नीति तथा कार्यक्रम (आ.व. २०८३/०८४)**
**नवराजपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवराजपुर, सिराहा**
**मधेश प्रदेश**

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

**आदरणीय**
**सभाध्यक्ष ज्यु**
**प्रमुख अतिथि**
**बिशिष्ट अतिथि ज्यहरु**
**अतिथि ज्यूहरु**
**विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधि ज्युहरु,**
**गाउँ सभासदस्य ज्यूहरु,**
**नागरिक समाज लगायत सम्पुर्ण संघ संस्थाको प्रमुख ज्यु तथा वुद्धिजिवी बर्ग,**
**विभिन्न सुरक्षा निकायका प्रमुख तथा सुरक्षाकर्मी साथीहरु ,**

**प्रमुख प्रशासकिय अधिकृत ,प्र.अ.,शिक्षक तथा सम्पुर्ण कर्मचारी मित्रहरु,**
**पत्रकार ज्यूहरु तथा उपस्थित महिला एवं सज्जन बृन्दमा नमस्कार तथा हार्दिक अभिबादन ।**

सभाध्यक्ष महोदय,
१. नेपाली जनताको लामो समय देखिको संघर्ष चाहना अनुरुप सङ्घीय लोकतान्त्रिक राज्य प्रणालीको स्थापना भएको छ । यसर्थ सर्व प्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न प्राण आहुतिगर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिद प्रति भावपुर्ण श्रद्वान्जली अर्पण गर्न चाहन्छु। गाउँ निर्माणमा तल्लीन नराजपुर गाउँपालिका क्षेत्रका विशिष्ट महानुभावहरु, सङ्घर्ष र त्यागमा समर्पित अभियन्ताहरु तथा आम गाउँबासीहरुमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । त्यसैगरी नवराजपुर गाउँपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अधि बढाउँन र यहाँका समस्त नागरिकको सुखी जीवन निर्माणको लागि हामीलाई यो महत्वपुर्ण जिम्मेवारी र कार्यभार दिनुहुने सबै गाउँबासी, शुभेच्छुक र सरोकारवाला सम्पुर्ण प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।
सिरहा जिल्लाको ऐतिहासिक एवं कृषि प्रधान क्षेत्र नवराजपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४को वार्षिक निति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छु । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लाई जगैदेखि सुदृढ बनाउन स्थानीय सरकारको भूमिका अग्रणी रहँदै आएको छ । विगतका वर्षहरुमा हासिल भएका सिकाई, भौगोलिक विशिष्टता, र स्थानीय नागरिकहरुको तीव्र विकासको आकांक्षालाई सम्बोधन गर्दै यो निति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
यस गाउँपालिकाले आफ्ना सीमित स्रोत, साधन र क्षमताका बावजुद नागरिकका आधारभूत आवश्यकता परिपूर्ति गर्न अहोरात्र कार्य गर्दै आएको छ। संघीय सरकार र मधेश प्रदेश सरकारको नीतिगत मार्गनिर्देशन, दिगो विकास लक्ष्य )SDGs) का सूचकाङ्कहरू लाई यस दस्तावेजको मुख्य आधार स्तम्भ बनाइएको छ। आव २०८३ २०८४/को यो नीतिले केवल खुद्रे र वितरणमुखी योजनालाई निरुत्साहित गरी रूपान्तरणकारी, बहुवर्षीय र दिगो प्रतिफल दिने योजनाहरूमा केन्द्रित हुने दृढ संकल्प लिएको छ।

प्रमुख प्रशासकिय अधिकृत

३. साविकमा ३ वटा गा.वि.स.हरु भगवतीपुर, तामासुईया, मझौरा र नवराजपुरलाई ५ वटा वडा कायम गरि स्थापित नवराजपुर गाउँपालिकाको कुल क्षेत्रफल ३२.१८ वर्ग कि.मि रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार नवराजपुर गाउँपालिकाको कुल जनसंख्या २०,७८८ रहेको छ । जसमध्ये पुरुषको संख्या १०,१८९ र महिलाको संख्या १०,५९९ रहेको छ । हुलाकी राजमार्ग संग जोडिको यस गाउँपालिकाको पूर्वमा भगवानपुर गाउँपालिका पश्चिममा वरियारपट्टी गाउँपालिका दक्षिणी सिमानामा भारतको विहार राज्य पर्दछ भने उत्तर तर्फ सखुवाननकारकट्टी गाउँपालिका र लक्ष्मीपुर पतारी गाउँपालिका रहेको छ । नवराजपुर गाउँपालिका हजारी माताको प्रतित झल्काउदै सम्पूर्ण गाउँवासीमा मेलमिलाप र सहयोगी भावनाले ओतप्रोत हुदै विकास क्रममा आफूलाई हालको रुपमा परिवर्तन गर्न निरन्तर अग्रसर छ ।

४. रणनीतिक हिसाबले महत्वपूर्ण एवम् आर्थिक तथा सामाजिक विकासका असंख्य सम्भावनाहरु बोकेको नवराजपुर गाउँपालिकामा यो गाउँसभा संचालन भईरहेकोछ । यस अर्थमा यो गाउँसभा ऐतिहासिक रहेको छ । यस गाउँपालिका क्षेत्रमा बढ्दै गएको अव्यवस्थित बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दबाब पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादनमुलक उद्योगहरुका साथै सेवामुलक उद्योगहरुको द्रुत विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता विकास, विकास साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयहरुमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एवं राजनीतिक दृष्टकोणबाट सोच्न र सोहि अनुसार अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना सहित क्रमशः अगाडी बढनु पर्ने बेला आइसकेको तथ्य पनि यस गरिमामय सभामा नवराजपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को १९ औं वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण गाउँ सभा सदस्य ज्युहरु, कर्मचारी वर्ग,आम जन समुदाय लगायत सम्पूर्णमा हार्दिक आभार सहित म लगायत **नवराजपुर** गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहना र हामीले निर्वाचन का क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले अगामी आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु, उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायिक साझेदारीमा विकास गरिनेछ ।

- यस नीति तथा कार्यक्रमले मानवीय क्षमता बिकास,महिला शसक्तिकरण, लैंगिक समानता, कृषिमा आत्म निर्भरता, पूर्वाधार निर्माण, सामाजिक सुरक्षामा सहज पहुँच,संचार तथा प्रविधि, उद्यमशीलता र रोजगारी अभिबृद्धि, गरिबी न्यूनीकरण, दिगो बिकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ ।
- नवराजपुर गाउँपालिकाको प्रशासकीय भवनको अपेक्षित संरचना निर्माण कार्यलाई निरन्तरता दिईनेछ र उक्त कार्य सम्पादनार्थ संघीय सरकारसँग अनुदान प्राप्तिको लागि सघन रुपमा गृहकार्य गरी समन्वय गरिनेछ ।
- यस नवराजपुर गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत क्षेत्रको विकासका लागि निरन्तर संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ|

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु देहाय बमोजिम रहेका छन्।

१. नेपालको संविधान-२०७२

२. स्थानीय सरकार संचालन ऐन, २०७४,

३. अन्तर सरकारी वित्त व्यवस्थापनऐन, २०७४.

४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन२०७४, तथा नियमावली २०७६

५. संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्धऐन २०७७

६. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरु सोच र लक्ष्य,

७. दिगो विकासका लक्ष,

८. नवराजपुर गाउँपालिकाको कानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था,

९. श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा विषयगत सीमा निर्धारण,

१०. राजश्वपरामर्श समितिको प्रतिवेदन।

११. नवराजपुर गाउँपालिकाका गतबिगत आर्थिक वर्षहरुको अनुभव सिकाई, तथा वस्तुस्थिति।

सभाध्यक्ष महोदय,

❖ अब म आ.व. २०८३/०८४ को नीति, कार्यक्रम र बजेटले लिएको उद्देश्य प्रस्तुत गर्न चाहन्छु।

क.गाउँपालिकामा कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सुदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने।

ख.उपलब्ध स्रोत साधनको परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने।

ग.गाउँबासीमास्थानीय सरकार भएको अनुभूति दिलाउने।

घ.गाउँपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने।

ङ.समतामूलक र समृद्ध गाउँको निर्माण गर्ने।

च.दीगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने।

❖ त्यसैगरी यी उद्देश्य हासिल गर्न बेहाय वमोजिमको प्राथमिकताहरुनिर्धारण गरिएका छन्।

१.गाउँपालिकाको लागी प्रशासकीय भवनको निर्माण।

२.ढलान सडक निर्माण।

३.कृषि विद्युतीकरण कार्य।

४.सौर्य बत्ती जडान कार्य।

५.शहरी पूर्वाधारको निमार्ण।

६.गाउँगाउँमा सडक संजालको निर्माण तथा विस्तार।

प्रमुख प्रशासकीय अधिकृत

७.स्वस्थ र दक्ष जनशक्तिको निर्माण।

८.सुरक्षित प्रसुती सेवा।

९.कृषि र पशुपालनको क्षेत्रमा सुधार।

१०.पर्यटन पूर्वाधारमा विकास र प्रबर्द्धन।

११.सार्वजनिक/ऐलानी जग्गाको संरक्षण, संवर्द्धन र उपयोग।

१२.दीर्घकालीन फोहर मैला व्यवस्थापन र वातावरण संरक्षण।

१३.बजार अनुगमन र नियमन।

१४.लक्षित वर्गको सशक्तिकरण।

१५.सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार।

१६.गाउँपालिकाको लागी चाहिने आवश्क ऐन, नियम, कानुन र कार्याविधि निर्माण गरीने छ।

## स्थास्थ्य

१. सुनौला हजार दिन कार्यक्रमको प्रभावकारी संचालनका लागि संचालित प्रसुती केन्द्रको स्तरोन्ती सहित थप प्रसुती केन्द्रहरु विस्तार गर्दै लगिनेछ।

२. नवराजपुर गाउँपालिका एवं सरोकारवालाहरु सँगको समन्वय र साझेदारीमा **"पूर्ण सुरक्षित मातृत्व गाउँपालिका"**, **"पूर्ण खोप युक्त गाउँपालिका** र **"कुपोषण मुक्त गाउँपालिका"** घोषणा कार्यक्रमलाई अगाडी बढाइनेछ।

३. नसर्ने प्राणघातक तथा जटिल रोगको उपचारमा पहुँच पु-याउन **"स्वास्थ्य सुधार योजना"** को रुपमा सरोकारवालाहरु सँग समन्वय र सहकार्यमा सुधार गरि नीतिगत कार्यक्रम तथा सेवा उपलब्ध गराइनेछ।

४. समुदाय स्तरमा धरदैलो कार्यक्रम संचालन गरि जेष्ठ नागरिकहरुको स्वास्थ्यप्रति अति संवेदनशिल रही जेष्ठ नागरिक सँगको घरभेट कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था अविलम्बन गरिनेछ।

५. नागरिक आरोग्य सेवा केन्द्र द्वारा प्रवाहित सेवा अनुकूलका स्थानीय जडिबुटी, योग शिविर आयुर्वेद युक्त औषधि निःशुल्क रुपमा उपलब्ध गराउनको साथै उक्त आरोग्य केन्द्रको संचालन तथा व्यवस्थापन कार्यलाई प्रोत्साहन गरिनेछ।

६. महिला स्वास्थ्य स्वयं सेविका प्रोत्साहन सहितको मासिक यातायात खर्च प्रदान गर्दै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. बालबालिकाहरुको स्वास्थ्य प्रति अति संवेदनशिल रही समुदाय स्तरीय एकीकृत बालरोग व्यवस्थापन कार्यक्रमलाई गम्भिरताका साथ प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

८. नवराजपुर आधारभुत अस्पतालमा संचालित स्वास्थ्य प्रयोगशालाको स्तरोन्ती र सेवा प्रवाह लाई सुदृढीकरण गरिनेछ।

९. प्रसुती सेवा केन्द्रमा २४ औ घण्टा काम गर्ने नर्सिङ्ग कर्मचारीहरुलाई रात्री खाजा वापतको रकम तथा सार्वजनिक विदाको दिन काम गरेवापत पाउदै आएको सेवा सुविधालाई निरन्तरता गरिनेछ।

१०. यस गाउँपालिकाको आँखा रोग्रीहरुका लागि आँखा परिक्षण तथा स्वास्थ्य शिविर सेवा संचालनलाई निरन्तरता दिईनेछ।

११. चुरोट, विडी, जाड रक्सी, पान, गुटखा लगायतका तमाखु एवंम सुर्तिजन्य पदार्थको सेवनमा कमी ल्याउन जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ।

१२. नवराजपुर गाउँपालिकामा भएगरेका मेला महोत्सव समारोहहरुमा जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै स्थानिय स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

१३. नवराजपुर गाउँपालिकाको बासिन्दाको लागी रेडक्रस मार्फत निशुल्क रगत उपलब्धता कार्यक्रम लाई निरन्तरता दिएको छ

१४. नवराजपुर गाउँपालिकाको बासिन्दाको लागी स्वास्थ्य शिविर मार्फत निशुल्क जाँच तथा अषधी उपलब्धता कार्यक्रम लाई निरन्तरता दिएको छ

१५. नवराजपुर गाउँपालिक भरीमा संचालित सुत्केरी संग उपाध्यक्ष कार्यक्रम लाई निरन्तरता दिएको छ

१६. नवराजपुर आभारधुत अस्पताललाई स्तरउन्नतीको लागी आवश्यक व्यवस्थापन गरिनेछ।

१७. सर्प दंश उपचार केन्द्र लाई स्तरउन्न्ती गरिनेछ।

१८. गाउँघर किल्निक संचालन लाई निरन्तरता दिईनेछ।

१९. आर्थिक रुपमा अति विपन्न गाउँपालिका बासीहरुलाई स्वास्थ्य जाँच र उपचारका लागी अस्पताल ल्याउन तथा लैजान एम्बुलेन्स सेवाको प्रबन्ध लाई निरन्तरता दिएको छु।

२०. यस गाउँपालिकामा अस्पताल थप निर्माण तथा संचालनका लागी संघ सरकार संग आवश्यक पहल गरिनेछ।

२१. नवराजपुर गाउँपालिका अन्तर्गत बसोबास गर्ने जन्ताको लागी निशुल्क औषधी सहितको ईमर्जेन्सी सेवा लाई निरन्तरता दिएको छु।

## कृषि तथा पशु पंक्षी

२२. रसायनिक विषादीहरुको प्रयोग लाई निरुत्साहित गरिदै जैविक एवम् बनस्पति जन्य विषादीको प्रयोगमा अभिबृद्धि गर्दै जाने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ।

२३. प्रारङ्गिक मल, हरियो मल लगायत जैविक मलको प्रयोगमा अभिवृद्धि ल्याई जैविक खेती तर्फ उन्मुख गर्दै लगिनेछ।

२४. कृषि औजार उपकरणहरुको प्रयोगमा वृद्धि हुने गरी कृषिमा आधुनिकरण गरी उत्पादन लागत घटाउने र उत्पादकत्व वृद्धि गर्ने रणनिती अवलम्बन गरिनेछ।

२५. रोजगारीको शिलशिलामा दिनानुदिन विदेशिने यूवा जनशक्तिहरु लाई गाउँभित्रै रोजगारी सिर्जनाका लागि वेमौसमी एवम् उन्नत जातका तरकारी एवम् फलफूल खेती तर्फ उन्मुख गराउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

२६. आँप, कटहर, जामुन लगायत अन्य जातका काठ पैदावारहरु वृक्षारोपण गरी वन विकासको माध्यबाट वातावरणिय संतुलन कायम गरी फलफूलको उत्पादन र काठ जन्य उद्योग व्यवसायहरु लाई प्रोत्साहन गरिदै लगिनेछ।

२७. भू-वर्गिकरण कार्यलाई व्यवस्थित तुल्याई अभियन्त्रित वस्ती विकास लाई निरुत्साहित गरी व्यवस्थित वजारीकरण र कृषि औधोगिकरण कार्यमा सहजताका लागि आवश्यक निति अविलम्बन गरिनेछ।

२८. उत्पादकत्व वृद्धिका लागि माटो परिक्षण गर्ने कार्यका लागि आवश्यक कार्यक्रम संचलन गरिनेछ।

२९. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि निर्वाहमुखी खेती प्रणालीलाई निरुत्साहित गरि व्यवसायीक खेती प्रणालीमा रुपान्तरण गरिनेछ। किसानलाई प्रत्यक्ष लाभ हुने गरी समयमै मल उन्नत बीउ बिजन प्राविधिक सेवा तथा अन्य आवश्यक सामाग्रीहरु उपलब्धताको सुनिश्चितता गर्नुको साथै उत्पादनको आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ।

३०. सिंचाई विना कृषिमा अगाडी बढन असम्भव छ त्यसैले पालिका क्षेत्र भित्रमा सिंचाईका नहरहरुलाई सुदृढीकरण गरि स-साना शाखा नहरहरुलाई स्तरनोन्ती गरिदै किसानको प्रत्येक खेतमा सुलभ सिंचाई को लागि आवशयक नीति तथा मापदण्ड तैयार गरि कार्यन्वयन गरिनेछ ।

३१. नेपाल सरकारको नीति अनुरुप नवराजपुर गा.पा. लाई दुध, फूल, मासु र माछामा आत्मनिर्भर गराउन अनुदानमा अधारित कार्यक्रम संचालन गरिनेछ ।

३२. एक वडा एक उत्पादन कार्यक्रमलाइ प्रथमिकताका साथ् लागु गरिनेछ |

३३. संघीय सरकार द्वारा प्राप्त हुने अनुदान कार्यक्रमबाट कृषि सिचाइको लागि डीप ट्युवेल जडान गरिनेछ |

३४. यस पालिकाभित्रका सम्पूर्ण कृषि तथा पशुपन्छी समबन्धि व्यवसायीलको तथ्यांक संकलन गरि दर्ता न रहेका व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गरिनेछ |

३५. भूमिगत सिँचाई महाअभियान: आकाशे पानीको भरमा पर्नुपर्ने बाध्यताको अन्त्य गर्न हरेक खेतमा पानी", हरेक हातमा कामनाराका " साथ सबै वडाहरूमा डिप बोरिङ )Deep Boring) र स्यालो ट्यूबवेल जडान कार्यलाई प्राथमिकता निरन्तरता दिनेछु ।

३६. कृषि विद्युतीकरणका लागि जडान भएको कृषि मिटरको विद्युत् महसुल गाउँपालिकाले बुझाउनेछ ।

३७. माटो परीक्षण शिविर संचालन गरिनेछ ।

## शिक्षा युवा तथा खेलकुद

३८. सबैको लागि शिक्षा सधैको लागि शिक्षा भन्ने अभिप्रायले विद्यालय भर्ना दर शत प्रतिशत पुर्याउन आवश्यक निति अविलम्बन गरिनेछ ।

३९. विद्यालय भर्ना नभएका, विद्यालय जाने उमेर समूहका वालवालिकाहरुको पहिचान गरी विद्यालय भर्ना गराउने प्रवन्ध मिलाइनेछ ।

४०. धार्मिक विद्यालय एवम् मदर्सा लगायतका शैक्षिक संस्थाहरुलाई गाउँपालिका द्वारा स्वीकृत पाठ्यक्रम अनुसार पठनपाठन गर्ने प्रवन्ध मिलाइनेछ ।

४१. औपचारिक शिक्षा बाट वंचित विद्यालय उमेर समूह वाहिरका गाउँपालिकावासीहरुको लागि आवश्यक अनौपचारिक शिक्षाको प्रवन्ध मिलाइनेछ ।

४२. विद्यालय भर्ना भएका विद्यार्थीहरुको विद्यालय छाडने दर शुन्यमा पुर्याउने आवश्यक रणनिती अविलम्बन गरिनेछ ।

४३. समतामूलक समावेशी सिद्धान्तको अविलम्बन गरी धार्मिक, सामाजिक, साँस्कृतिक एवम् आर्थिक रुपले पिछडिएका वर्ग समुदायको विद्यार्थीहरुको लागि आवश्यक छात्रवृति सहित विद्यालय जाने वातारवरण सृजना गरिनेछ ।

४४. शिक्षण सिकाइ कार्यलाई प्रभावकारी एवम् समयानुकूल वनाउन शिक्षकहरुका लागि क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाइनेछ ।

४५. शिक्षालाई समय सापेक्ष उत्पादन सँग आवद्ध हुने किसिमको प्राविधि मैत्री वनाउन प्रयत्न गरिनेछ र भौतिक पूर्वाधारको विकास लाई निरन्तरता दिइनेछ ।

४६. आधारभुत तहको साक्षरता सिकाई र गणितिय सिप लक्षित क्रियाकलापहरु संचालन गरी बालबालिकाहरुको सिकाई सुधारमा जोड दिईनेछ ।

४७. बालबालिका सिकाई सुधारको लागी शिक्षकको पेशागत विकास तथा शिक्षकको पेशागत संयन्त्रको निर्माण क्षमता र विकास परिचालन गरिनेछ ।

४८. नेपाल सरकारको साक्षरता अभियान अन्तर्गत साक्षरता घोषणा कार्यक्रम लाई कार्यान्वयन गरिनेछ ।

४९. विद्यार्थी एवम् बालबालिकाहरुको शारिरीक एवम् मांसिक विकासमा संतुलनका लागि शारिरिक व्यायाम, योग, प्रणायम, खेलकुद, हाजरी जवाफ, शैक्षिक भ्रमण, वकतृत्वकला लगायतका अतिरिक्त कृयाकलापहरु संचालन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

५०. शिक्षण सिकाइ उपलब्धीको मापदण्ड अनुरुप उत्कृष्ट शिक्षक छनौट गरी उत्कृष्ट शिक्षक पुरस्कार बाट सम्मानित गरिने निति अवलम्बन गरिनेछ ।

५१. दिगो शान्ति सु-व्यवस्था सहित समाजिक सहिष्णुताका लागि नैतिक एवंम चारित्रिक रुपले भरीपूर्ण समाजिक भावनाबाट प्रेरित नागरिक निर्माणका लागि विद्यालय पढने बालबालिकाहरुका लाई रेडक्रस, स्काउट जस्ता समाजिक संस्थाहरुसँग आवद्ध गर्न पहल गरिनेछ ।

५२. शिक्षण सिकाई कार्य लाई थप प्रभावकारी एंव समयनाकुल बनाउन शिक्षकहरु,वि.व्य.स.र अभिभावकको लागी क्षमता अभिबृदि तालिमको व्यवस्था मिलाईनेछ ।

५३. प्रत्येक सामुदायिक विधालयलाई प्रविधिमैत्रि बनाउदै लगिदै जानेछ ।

५४. आगामी शैक्षिक सत्रबाट प्रत्येक सामुदायिक विधालयमा अंग्रेजी माध्यमबाट पठन पाठन सुचारु गरिनेछ ।

५५. पालिका स्तरमा उत्कृष्ट गरेकोलाई पुरुस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ ।

## भाषा तथा संस्कृति

५६. संस्कृति संरक्षण, प्रवर्द्धनका लागि विभिन्न जातजातिको भाषा भाषीहरुको कला र संस्कृति प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्नका लागि बजेट व्यवस्था गरिनेछ ।

५७. मिथिलाका परम्परागत नाच कला लोप हुँदै गएका झिझिया लगायत अन्य संस्कृतिहरुलाई बढावा तथा लोप हुन बाट जोगाउनको लागि संचालित कार्यक्रमहरुको निरन्तरता दिइनेछ ।

५८. लोप हुदै गइ रहेको स्थानीय लोक बाजा ढोल पिपही(सहनाई) लाइ संरक्षन तथा प्रवर्धन गरिनेछ |

५९. मिथिलाको सभ्यतालाइ जोगाउने उद्देश्य साथ यस पालिकाको एउटा सानो प्रयास **महिला संग उपाध्यक्ष कार्यक्रम** अन्तर्गत मिथिला पेंटिंग, हस्तकला पर्वधन, पाग निर्माण,तथा अन्य व्यवसायिक तालिम तथा स-साना घरेलु उद्योग उत्पादन कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

६०. स्थानीय चांड पर्व मनाउनको लागि स्थानीय टोल सुधार समिति मार्फत वस्तुगत सहयोग गरिनेछ |

## खानेपानी तथा सरसफाई

६१. संघ तथा प्रदेश सरकारको नीति अनुसरण गर्दै यस पालिकाले प्रत्येक नागरिकलाई सरसफाईमा पहुच पुर्याउनको लागि गत विगत देखि गर्दै आएका एक घर एक चर्पी, एक घर एक खानेपानी सार्वजनिक स्थानहरुमा शौचालय तथा खानेपानी जडान कार्यलाई अगामी आ.व. मा समेत प्राथिमकताक्रम साथ निरन्तरता दिइ तपसिलका उल्लेखित क्रियाकलापहरु संचालन गरिनेछ ।

तपसिल

- यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पुराना जडान भएका हैण्ड पाइपहरुको अभिलेख सहित पालिकाको जनताको शुद्ध खानेपानी मौलिक अधिकारलाई सुनिश्चित गर्न संघ र प्रदेश सरकार सँग समन्वय गरि अति विपन्न तथा पिछिडिएको जातजातीहरुको लागि निःशुल्क खानेपानी टुवेल वितरण तथा जडान कार्यलाई निरन्तरता दिइने छ
- वडा नं. १ देखि ५ सम्म आवश्यक्ता अनुसार सार्वजनिक शौचालय तथा गिरिव विपन्न बर्गका व्यक्तिहरुलाई शौचालय निर्माण सामग्री उपलव्ध गराइनेछ ।

६२. संघीय सरकार द्वारा प्राप्त विशेष अनुदानबाट स्वच्छ एवंम सुरक्षित खानेपानी आपूर्ति गर्ने उद्देश्यले खानेपानी ट्याङ्की निर्माण गरिनेछ।

६३. पालिका भित्रका परम्परागत इनार, कुवाहरुको खोज उद्धार गरी अतिक्रमण मुक्त गराइ जिर्णोधार गरी संरक्षण गरिनेछ।

## लैंगिक समानता तथा समावेशिकरण

६४. अपांगता भएका व्यक्तिहरुलाई सहज रुपमा अपांगता परिचय पत्र उपलव्ध गराउने उधेश्यले शिविर संचालन गरिनेछ|

६५. यस पालिका अन्तर्गतका अपांगता भएका विधार्थीहरुलाई विद्यालयमा पहुँचको लागि विद्यालय पूर्वाधारहरुमा रयाम्पको व्यवस्था गरिनेछ|

६६. सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, सम्मान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।

- नेपाल सरकारको नीति अनुसरण गर्दै यस पालिकाले लैंगिक विभेद मुक्त समाज, सम्मान पहुँचको वातावरण समावेशिताको सिद्धान्त आवलम्वन गरिने क्रियाकलापहरु संचालन गरिनेछ।
- महिला र पुरुषको समान काम तथा सहभागिता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।
- गरिव तथा विपन्न दलित, आदिवासी, जनजाती, एकल महिला, अपाङ्गता भएका महिला, लोपन्मुख समुदाय वञ्चितिकरण तथा वहिष्करणमा परेका समुदाय महिला तथा किशोरीको सशक्तिकरण, क्षमता विकाश, आयआर्जन गर्ने गरि आर्थिक समाजीक विकासको कार्यक्रम संचालन गरिनेछ।

## समाजिक सुरक्षा तथा पंजिकरण

६७. लाभग्राहीहरुको बैंक खातालाई अनिवार्य गरि वृद्ध, वृद्धा एकल महिला, तथा अपाङ्ग नागरिक लगायत सम्पुर्ण लाभग्राही लाई समाजिक सुरक्षा भत्ता बैंक मार्फत व्यक्तिको खातामा सिधै **EFT** माध्यबाट पठाउने व्यवस्था लाई निरन्तर्ता दिईनेछ अति अशक्त व्यक्तिहरुका लागि बैंक सँग समन्वय गरि विशेष सेवाको व्यवस्था गरिनेछ।

६८. यस पालिकाबाट सामाजिक सुरक्षा भत्ता खाने सम्पूर्ण लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकोले अगामी आ.व. २०८३/०८४ अर्थात २०८३/०४/०१ गते देखि Biometric Verification का माध्यबाट नवीकरण तथा नयाँ दर्ता गर्न शिविर संचालन गरिनेछ।

६९. जातीय छुवाछुत र सामाजिक कुरिती, रुढीबादी अन्ध विश्वासको अन्त गर्न सास्कृतिक सुधार कार्यक्रम संचालन गरिनेछ

७०. बृद्धा, अशक्त तथा एकल व्यक्तिका लागी आश्रमको व्यबस्था मिलाउन संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ।

७१. सामाजिक सुरक्षा भत्ता पाईरहेको लाभग्राहीहरुलाई लामखुटे टोकाई वाट लाग्ने रोग बाट बच्नको लागी मेडिकेटेड लामखुटे झुल वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

७२. घटना दर्ता लाई १०० प्रतिशत पुर्याउने लक्ष्य सहित कार्यक्रमहरु संचालन गरिनेछ ।

७३. पंजिकरण शाखामा कार्यरत एम.आई.एस.अप्रेटर तथा सहायक पदमा कार्यरत कर्मचारीको तलब भत्ताको व्यवस्थापन गाउँपालिका बाट गरिनेछ ।

## श्रम, रोजगार तथा उधम विकास

७४. रोजगारीमा थप क्षेत्रहरुको पहिचान गरि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप उपलब्धी मुलक बनाउन आवश्यक निर्माण सामाग्रीहरु एवं उपकरणहरु उपलब्ध गराईनेछ ।

७५. बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क सङ्कलन गरि उनीहरुलाई स्वरोजगार मुलक तालिम र सिपको परिक्षण गरि स्वरोजगार तर्फ उन्मुख गराइने छ ।

७६. रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा अभिलेखिकरण गरि न्यूनतम १०० दिनको रोजगारी सृजनाको सुनिश्चिता गरिने छ ।

७७. यस पालिकाको वेरोजगारी समस्यालाई मध्यनजर गर्दै आन्तरिक रोजगारी सृजनाको लागि पञ्चवर्षिय स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

७८. रोजगारी सृर्जनको लागि स्थानीय स्तरमा रोजगारीको सम्भावना अध्यन गरि कार्यान्वयन गरिनेछ ।

७९. स्वरोजगारलाइ प्रवर्धन गर्न लघु उधम विकास कार्यक्रम मार्फत शिप विकास तालिम संचालन गरि घरेलु उत्पादनमा जोड दिई स्थानीय सतरमै रोजगारी सृजना गरिनेछ ।

८०. बैदेशिक रोजगारी लाई थप सुढृढीकरण गर्दै SAMI कार्यक्रम संचालनमा ल्याईनेछ ।

८१. बाल श्रम मुक्त स्थानीय तह घोषणा गर्न उपयुक्त कार्यक्रमहरु गरिनेछ ।

## पर्यटन क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्धन

८२. यस पालिका भित्र रहेका सार्वजनिक पोखरी, मठ मन्दिरहरुको सौन्दर्यिकरण तथा उद्यान स्थापना गरिनेछ ।

८३. यस नवराजपुर गाउँपालिका अन्तर्गत मन्दिर क्षेत्र विकास कार्यक्रम संचालन अन्तर्गत पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८४. आवशयक पूर्वाधार विकास निर्माण कार्यलाई आगामी आ.व. मा निरन्तरता दिईनेछ ।

८५. यस गा.पा.अन्तर्गतका मठ मन्दिर,शिवालय, मस्जिद ,मदर्शा तथा धार्मिक संस्कृतिक संस्थाहरुको चल अचल सम्पतिको अभिलेखीकरण गरि स्थानीय सरकारको दायरामा ल्याइनेछ ।

## पूर्वाधार विकास

८६. नवराजपुर गाउँपालिका भित्रका सम्पूर्ण वस्ती स्थित बाटो तथा गल्लीहरुको पक्की ढलान कार्यलाई निरन्तरता दिइनेछ ।

८७. वडा देखि पालिका जोड्ने सडकहरु लाई स्तरोउन्नती तथा ढलान गरिनेछ ।

८८. गाउँपालिका स्तरीय वडा नं. १ देखि ५ सम्मको सडक बाटो जोडी रिङ रोडको अवधारनालाई प्राथमिक्तामा ल्याइने छ ।

८९. प्रत्येक गाउँ टोलको जनसमुदायलाई सडकको पहुँच पुर्याउने गाउँदेखि मुल सडक वा राजमार्ग सम्म सडक स्तरोन्नती पुल पुलेसा, हयूम पाईप तथा नयाँ सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

९०. यस पालिका भित्र सिंचाईको आधुनिक संरचना तयार गर्ने नीति ल्याइने छ ।

९१. गाउँपालिकाको स्थानीय सडक ,ग्रामिण सडक ,कृषि सडक समबन्धि नीति ,कानुन, मापदण्ड, योजना बनाइ कार्यन्वयन गरिनेछ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक

९२. महिला हिंसा, महिला सशक्तिकरण, लैंगिक समानता उन्मुलनको लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

९३. विद्यालयमा अध्यनरत अपांग छात्र छात्राहरुलाई विशेष सुविधा उपलब्ध गराइनेछ।

९४. पालिका स्तरीय बाल Folder तैयार गरिनेछ।

९५. बालबालिकाहरुको सर्वाङ्गिन विकासका लागि बालमैत्री स्थानीय शासन सम्बन्धी मापदण्ड पुरा गरी बाल मैत्री स्थानीय शासन घोषणा कार्यक्रमको निती अवलम्बन गरिनेछ।

९६. जेष्ठ नागरिकहरुका लागि समय-समयमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ।

## वन, वातावरण तथा विपद व्यबस्थापन

९७. सार्वजनिक जग्गा, सडक पेटी, सार्वजनिक पोखरी, सामुदायिक विद्यालय, मठमन्दिरहरुको खालि जग्गामा फलफूलको विरुवा वृक्षा रोपन गरि वातावरनीय तथा पर्यावरनीय सुधार गरिनेछ।

९८. विपद ब्यबस्थापन कोषको स्थापना कार्य लाइ निरन्तरता दिईनेछ।

९९. आगलागी नियन्त्रणका लागि बारुण यन्त्रको व्यबस्था मिलाउन संघ, प्रदेश तथा छिमेकी पालिकासंग समन्वयन गर्न पहल गरिनेछ

१००. हरित स्वास्थ्य संस्था निर्माण कार्यको थालनी गरि पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा वृक्षारोपण तथा गमला ग्रिन प्लान्ट गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।

१०१. समृदिका लागी वन परियोजना कार्यक्रमलाई प्राथमिकता साथ संचालन गरिनेछ।

१०२. निजी वन प्रवर्धन सार्वजानिक जग्गा वन विकास कार्यक्रम संचालन गरिनेछ।

१०३. हरित पार्क निर्माण नदीनाला संरक्षण जैविक विविधता संरक्षण कार्य गरिनेछ।

१०४. वन सम्बन्धि निति निर्माण कार्य गरिनेछ।

## कार्यालय संचालन, सुशासन तथा प्रशासनीक

१०५. स्थानीय सरकार संचालन निर्माण गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त एवम् प्राभावकारी बनाउने निती अवलम्बन गरिनेछ।

१०६. एकीकृत घुमती सेवा संचालन गरिनेछ।

१०७. गाउँपालिकाको पहिचान झल्किने गरी लोगो निर्माण तथा पालिको नारा अविलम्ब तयार गरी लागु गरिनेछ।

१०८. संघ र प्रदेश सरकारको नीति कार्यक्रमलाई अनुसरण गर्दै गाउँपालिका अन्तर्गतका विभिन्न क्षेत्र कार्यालय शाखाहरुको समन्वय सहजिकरण एवं निष्ठापूर्वक कार्य प्रभावकारीताको अपेक्षा लिएको छु

१०९. गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ। साथै गाउँपालिकामा करको दर निर्धारण गर्दा प्रगतिशिल कर प्रणाली लागू गरिनेछ।

११०. पालिकाको राजस्व सुधार तथा वृद्धि गर्न राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१११. नवराजपुर गाउँपालिकाको न्यायकि समितिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

११२. विषयगत शाखाबाट प्रावाह हुने सेवा प्रभावकारिताको साथै निष्ठा पुर्वक मुस्कान सहितको सेवा प्रावाह हुने अपेक्षा लिएको छु।

११३. राजस्व संकलन प्रकृयालाई सुत्रमा आधारित अनलाइन प्रणलीमा निरन्तरता दिईनेछ।

११४. सार्वजानिक सेवा प्रवाहमा डिजिटल प्रणाली अवलम्वन गर्दै छिटो छरितो सुलभ तरिका वाट सेवा प्रवाह गरिनेछ।

## ऊर्जा, सञ्चार

११५. शतप्रतिशत विद्युतीकरण: गाउँपालिकाका कुनै पनि घरधुरी अन्धकारमा बस्न नपरोस् भन्ने उद्देश्यले प्राविधिक रूपमा छुटेका बस्तीहरूमा नयाँ ट्रान्सफर्मर र पोलहरू जडान गरी विद्युत् विस्तार कार्य सम्पन्न गरिनेछ।

११६. सडक बत्ती र सिसीटिभी: मुख्य चोक, बजार र सीमावर्ती संवेदनशील क्षेत्रहरूमा सुरक्षाका लागि सौर्य ऊर्जा सडक बत्ती )Solar Street Lights) र सीसीटीभी क्यामेरा जडान गरिनेछ।

अतः यस नीति तथा कार्यक्रममा सहयोग गर्नु भएका सम्पूर्ण बुद्धिजीवी, नागरिक समाज, पत्रकारगण, व्यवसायी, सुरक्षा कर्मी, पार्टी प्रतिनिधि, कर्मचारीहरु लगायतका सम्पूर्णमा हार्दिक धन्यवाद दिदै आगामी आ.व.को अनुमानित बजेट यस प्रकार रहेको छ

## अनुमानित बजेट

| क्र.सं. | आय तर्फ | रकम | कैफियत |
|---|---|---|---|
| **संघीय सरकारबाट प्राप्त अनुदानहरु** | | | |
| १ | **समानीकरण अनुदान (२६३३१)** | | |
| (क) | न्यूनतम प्राप्त हुने अनुदान | ३,२५,००,००० । | तीन करोड पच्चीस लाख । |
| (ख) | सुत्रमा आधारित अनुदान | ४,५१,००,०००। | चार करोड एकावन लाख |
| (ग) | कार्य सम्पादनमा आधारित अनुदान | ४०,००,०००। | चालिस लाख |
| | जम्मा | ८,१६,००,०००। | आठ करोड सोह्र लाख । |
| २ .सशर्त अनुदान | | | |
| क | चालु (२६३३२) | १२,१०,००,०००। | बाह्र करोड दश लाख । |
| ख | पुँजीगत(२६३३६) | २८,००,०००। | अठाईस लाख । |
| | जम्मा | १२,३८,००,०००। | बाह्र करोड अठि्तस लाख । |
| ३. विशेष अनुदान (पुजीगत) | | | |
| क | पुजीगत प्रकृती (२६३३७) | १,६२,००,०००। | एक करोड वासठ्ठी लाख । |
| ख | चालु (२६३३) | | |
| | जम्मा | १,६२,००,०००। | एक करोड वासठ्ठी लाख । |
| ४ | सम्पूरक अनुदान | | |
| क | पुजी(२६३३४) | ५०,००,०००। | पचास लाख । |
| | जम्मा | ५०,००,०००। | पचास लाख । |
| ५ | संघिय सरकार वाट राजस्ववाडफाँड | | |
| क | अनुदान | ८,०५,७०,०००। | आठ करोड पाँच लाख सतरी हजार मात्र । |
| | जम्मा | ८,०५,७०,०००। | आठ करोड पाँच लाख सतरी हजार मात्र । |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट प्राप्त अनुदानहरु** | | | |
| ७ | समानीकरण अनुदान | ५४,३२,०००। | चौवन लाख बतिस हजार |
| ८ | सम्पुरक अनुदान | २२,००,०००। | वाईस लाख |
| ९ | विशेष अनुदान | ३०,००,०००। | तिस लाख |
| १० | सशर्त अनुदान | ८०,००,०००। | असी लाख |
| ११ | राजस्व बाँडफाँड | ३८८२०००। | अरतिस लाख बयासी हजार |
| जम्मा | | २२५१४०००। | दुई करोड पच्चीस लाख चौध हजार मात्र । |
| **स्थानीय राजस्व बाँडफाँड** | | | |
| ११ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ५०,००,०००। | पचास लाख |
| **आन्तरिक स्रोत बाट** | | | |
| १२ | आन्तरिक स्रोत | २००,००,०००। | दुई करोड मात्र |
| कुल जम्मा आय | | ३५,४६,८४,०००। | पैतिस करोड छैयालिस लाख चौरासी हजार मात्र। |

सम्मानित अध्यक्ष तथा सभा सदस्य ज्युहरु,

जनभावनाको कदर गर्दै गाउँपालिकाको बिकास र सेवा प्रवाहमा अहोरात्र खटिने जिम्मेवारी र संकल्पका साथ हामी जननिर्वाचित प्रतिनिधिहरु गाउँपालिकाको अग्रगामी मार्ग तय गर्न यस सम्मानित सभामा उपस्थित भएका छौ । यस गहन जिम्मेवारी पूरा गर्न हामी सबैको भूमिका रहन्छ । प्रभावकारी बिकास, सेवाप्रवाह र नियमनको लागि सबैको सार्थक सकरात्मक र सृजनशील भूमिका अपरिहार्य छ। अगामी आर्थिक बर्ष २०८३/०८४ का लागी तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनवाट यस गाँउपालिकाको सर्वाङ्गीण विकासमा महत्वपुर्ण योगदान पुग्नुका साथै नवराजपुर गाउँपालिका वासी नागरिकहरुको सुख र सम्वृद्धिको उत्कृष्ट ईच्छा र चाहानामा टेवा पुग्ने अपेक्षा लिएको छु । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा जनप्रतिनिधी, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी, सहकारी संस्थाहरु, विकास साझेदार, राष्ट्रसेवक कर्मचारी र सञ्चारमाध्यम लगायत सम्पूर्ण नवराजपुर गाउँपालिकावासी नागरिकहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु। धन्यवाद।

प्रमुख प्रशासकीय अधिकृत

नवराजपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल